फोन नं: ०७९-५२०५५१, ०७९-५२१०९०
इमेल नं. pmamp.piu.gulmli@gmail.com
Website: piugulmi.pmamp.gov.np

नेपाल सरकार
कृषितथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजन
परियोजना कार्यान्वयन एकाइ, गुल्मी

## कार्यक्रम माग तथा संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः-२०७८/०५/२१**

**सूचना नं: ६**

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन इकाई गुल्मी

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, गुल्मीको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत तपशिल बमोजिमका कार्यक्रमहरु संचालनका लागि कफी सुपरजोन/मकै जोन अनुशरण/सुन्तलाजात फलफुल जोन/ मकै जोन नयाँ/ बाख्रा जोन क्षेत्रका परियोजना कार्यान्वयन एकाइमा सुचिकृत भएका कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमीहरुलाई तपशिल बमोजिमका लक्षित कार्यक्रम संचालन गर्नका लागि उल्लेखित कागजात संलग्न गरी सूचना प्रकाशन भएको मितिले **३० दिन (तीस) मिति २०७८/०६/१९ गते** भित्र कार्यालय समयमा रित पुर्वक प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै आवेदन प्रस्ताव फारम परियोजना कार्यान्वयन एकाइ, गुल्मी वा सम्बन्धित स्थानीय तहको कार्यालयबाट प्राप्त गर्न सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ। म्याद भित्र प्राप्त भएका आवेदन प्रस्तावहरुको छनौट परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले तोके बमोजिम हुने कुरा जानकारी गराइन्छ।

**तपशिल:**

| सि. नं | कार्यक्रम/क्रियाकलाप | परियोजनाबाट व्यहोर्ने अनुदान प्रतिशत | वार्षिक लक्ष्य | कार्यक्रम सञ्चाला हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | स्रोत वीउ उत्पादनमा सहयोग | बढिमा ५०% | १०० हे. | मकै जोन अनुशरण क्षेत्र | समुह/सहकारीको हकमा कम्तिमा ७५ रोपनी क्षेत्रफल र नीजि उद्यमीको हकमा कम्तिमा १० रोपनी क्षेत्रफल तथा पोष्ट हार्भेष्ट सेन्टर भएको वा नजिकको पोष्ट हार्भेष्ट सेन्टरसँगको सम्झौता हुनु पर्ने। |
| २. | पोष्टहार्भेष्ट सेन्टर सञ्चालनमा रहेका समुह/सहकारीको बजारिकरण क्षमताका लागि संस्थागत विकास | परियोजना कार्यान्वयन म्यानुअल-२०७७ ले व्यवस्था गरे बमोजिम | १ पटक | मकै जोन अनुशरण क्षेत्र | मकै जोन अन्तरगत समुह/सहकारी मात्र सञ्चालित पोष्ट हार्भेष्ठ सेन्टरको लागि मात्र। |
| ३. | कफी क्षेत्रफल विस्तार कार्यक्रम | बढिमा ५०% | ३०हे. | कफी सुपरजोन क्षेत्र | कम्तिमा १५० रोपनी क्षेत्रफलको कलस्टरको लागि एउटै ब्लक भित्र कम्तिमा ५० रोपनीको ३ वटा सहायक कलस्टर बनाउने प्रतिबद्धता हुनु पर्ने। |
| ४. | कफी नर्सरी सेड हाउस निर्माण/सुदृढिकरण | परियोजना कार्यान्वयन म्यानुअल-२०७७ ले व्यवस्था गरे बमोजिम | ६ वटा | कफी सुपरजोन क्षेत्र | कलष्टरमा व्यवसायीक रुपमा कफी खेती गरेको हुनुपर्ने। |
| ५. | कफीको ICS तथा प्रमाणिकरण सहयोग | परियोजना कार्यान्वयन म्यानुअल-२०७७ ले व्यवस्था गरे बमोजिम | १ वटा | कफी सुपरजोन क्षेत्र | कलष्टरमा व्यवसायीक रुपमा कफी खेती गरेको हुनुपर्ने। |
| ६. | सुन्तलाजात फलफूल नर्सरी स्क्रीन/श्रोत केन्द्र स्थापना/ सुदृढिकरण | परियोजना कार्यान्वयन म्यानुअल-२०७७ ले व्यवस्था गरे बमोजिम | ८ वटा | सुन्तलाजात फलफूल जोन क्षेत्र | |
| ७. | सुन्तलाजात फलफूलको नमूना बगैंचा स्थापना/व्यवस्थापन तथा सुदृढिकरण | परियोजना कार्यान्वयन म्यानुअल-२०७७ ले व्यवस्था गरे बमोजिम | ४ पटक | सुन्तलाजात फलफूल जोन क्षेत्र | |
| ८. | बगैंचा सुदृढीकरण अभियान कार्यक्रम सहयोग (सुक्ष्मतत्व, निलोतुथो, चुन, बोर्डो पेन्ट आदि) | परियोजना कार्यान्वयन म्यानुअल-२०७७ ले व्यवस्था गरे बमोजिम | १५० हेक्टर | सुन्तलाजात फलफूल जोन क्षेत्र | |
| ९. | कृषि यान्त्रिकरण सहयोग कार्यक्रम | बढिमा ५०% | १ वटा | सबै जोन/सुपरजोन क्षेत्र | व्यवसायिक उत्पादन गरेको तथा समूहमा व्यवस्थापन गरी प्रयोग गर्ने प्रतिवद्धता गरेको हुनु पर्ने। |
| १०. | सिंचाई पुर्वाधार निर्माण कार्यक्रम | परियोजना कार्यान्वयन म्यानुअल-२०७७ ले व्यवस्था गरे बमोजिम | २५ वटा | सबै जोन/सुपरजोन क्षेत्र | सिंचाईका साना अति संवेदशील क्षेत्रलाई सुधार गरी सिंचित क्षेत्र विस्तार गर्ने समूह/सहकारी तथा नीजि उद्यमीले प्रतिबद्धता पेश गर्नु पर्ने। |

**प्रस्तावका साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. रु.१० को टिकेट टाँस गरि निवेदन।
२. परियोजना कार्यान्वयन इकाइले तयार गरेको रित पूर्वक भरेको आवेदन फारम।
३. कृषक समुह/कृषि फर्म/ कम्पनी /कृषि उद्यमी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि।
४. लेखा परिक्षण प्रतिवेदन, कर चुक्ता र स्थायी लेखा नंबर प्रमाणप त्रको प्रतिलिपि।
५. कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमीको प्रमुख वा अध्यक्ष र निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
६. कार्यक्रम माग सम्बन्धी बैठकको निर्णयको प्रतिलिपि।
७. सम्बन्धित स्थानीय तहको सिफारिस।

सुमन खनाल
वरिष्ठ कृषि अधिकृत